**खेतीयोग्य जमिनमा बस्ती नबसालौं ।**
- खेतियोग्य जमिनमा बसोवास नगरौं/नगराऔं,
- हरियाली बातावरणसहितको नमूना बस्तीको विकास गरौं,
- सिंचाई सुविधामा बाधा नपुग्ने गरी बस्ती बसाऔं,
- गाउँ बस्तीलाई नमूना बस्तीमा रूपान्तरण गरौं,
- समृद्ध नेपालको निर्माण गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com




निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० जेठ १४ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 May 28 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २६७

## वन क्षेत्रको जमीन संरक्षण गर्न सरकार प्रतिबद्ध : प्रदेश वनमन्त्री कुर्मी

प्रस, निजगढ, १३ जेठ/

वन क्षेत्रको संरक्षण गर्न सके मात्रै वनजङ्गलको दीर्घकालीन संरक्षण, साझेदारी वन अभियन्ता रहेकोले साझेदारी वन स्थापना गर्न निकै मेहनत गरेको अनुभव सुनाउँदै मन्त्री कुर्मीले निर्देशनालयका सचिव जगन्ननाथप्रसाद जयसवालले वनजङ्गल मानव जीवनका लागि मात्र नभएर वन्यजन्तुलगायत आएकालाई हटाई पुनः वृक्षारोपण गर्ने योजना अघि बढाउन वन कार्यालयलाई आग्रह गरे ।


तस्वीरः जीतलाल श्रेष्ठ


माननिय वन मन्त्री

संवर्द्धन, विकास हुने र यसका लागि मधेस प्रदेश सरकार प्रतिबद्ध रहेको मधेस प्रदेशका वन तथा वातावरणमन्त्री रमेशप्रसाद कुर्मीले बताएका छन् ।

नेपाल राष्ट्रिय मावि खुट्वाजब्दी बारामा गढीमाई साझेदारी वन उपभोक्ता समूह पथलैयाको दोस्रो साधारणसभाको उद्घाटन गर्दै वनमन्त्री कुर्मीले शुक्रवार सो कुरा बताएका हुन् ।

वन क्षेत्रको रक्षा, संरक्षण गर्न स्थानीय तह, प्रदेश सरकार र सङ्घीय सरकारसमेत प्रतिबद्ध भएर लाग्ने उनले बताए । वन जनताको हो र राष्ट्रको सम्पत्ति भएकोले यसको संरक्षणमा जनता आफैं जागरुक र सचेत हुनुपर्ने उनले बताए । कुनै समय आफू पनि इमानदारिता, निरन्तर मेहनत र इच्छाशक्तिबाट मात्र वन संरक्षण र संवर्द्धन हुने बताए ।

विकासको नाउँमा वनजङ्गल क्षेत्र घट्दै जानु दुःखद रहेको बताउँदै उनले विविध बहानामा वन क्षेत्र माथि आक्रमण हुँदै आएको बताए । उनले वन क्षेत्र विनाशका कारण पानीको स्रोत घट्दै गएको, वातावरण सन्तुलनको अवस्था बिग्रँदै गएको, मूल मुहान, जरुवालगायत स्रोत घट्दै गएकोले पानी र प्राण एउटा सिक्काका दुई पाटा भएकाले वनजङ्गलको संरक्षण सरकारको मात्र नभई हरेक नेपालीको पहिलो अनिवार्य शर्त रहेको जिकिर गरे ।

कार्यक्रममा मधेस प्रदेश वन प्राणीको अस्तित्व रक्षाका लागि अनिवार्य रहेको बताए । जबसम्म वन क्षेत्रको संरक्षण, रक्षा हुन सक्दैन, तबसम्म रूख हेरेर मात्रै खुशी हुनुको कुनै अर्थ नहुने उनले बताए ।

भूमिहीन सुकुम्बासीको नाउँमा हजारौं हेक्टर वन क्षेत्र गुम्ने खतरा बढ्दै गएकोले वन क्षेत्रको रक्षा गर्ने दायित्व राज्यको रहेकोले यसबारे सबै तह गम्भीर हुनुपर्ने उनले बताए ।

बाराका प्रमुख जिल्ला अधिकारी एवं जिल्ला वन सुरक्षा समितिका अध्यक्ष नवराज सापकोटाले बाराको वन क्षेत्र र वन क्षेत्रको संरक्षण गर्न कुनै कसर बाँकी नराख्ने बताए । उनले वन क्षेत्र अतिक्रमण गरि वर्षौंदेखि बस्दै

कार्यक्रममा मधेस प्रदेश वन निर्देशनालयका उपसचिव सुजितकुमार झा, डिभिजन वन कार्यालय सर्लाहीका प्रमुख मन्जुर अहमद, साझेदारी वन उपभोक्ता महासङ्घका केन्द्रीय अध्यक्ष एवं कोल्हवीका नगरप्रमुख रामप्रसाद चौधरी, पूर्व केन्द्रीय अध्यक्ष रामरूप कुर्मी, डिभिजन वन कार्यालय, बाराका प्रमुख विनोद सिंह, गणेशप्रसाद साह, रमेश खरेललगायतले शुभकामना व्यक्त गरेका दिए ।

जिल्ला समन्वय समिति बाराका अध्यक्ष नरेन्द्रकुमार साहको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन सहायक वन अधिकृत जवाहरलालप्रसाद कुर्मीले गरेका थिए ।

## धानको बीउ छर्न ब्याड प्रणाली प्रयोगमा

ओमप्रकाश चौधरी, सेढवा, १३ जेठ/

पर्साको ग्रामीण किसानहरू वर्षेबाली धान छर्न खेत तयार गर्ने तथा अन्य कृषिजन्य सामग्रीको जोहोमा लागेका छन् ।


तस्वीरः प्रतीक



लामो समयदेखि पानी नपरेका कारण जमीन सुख्खा भएकोले किसानहरूले ब्याडमा सिचाइ गर्न थालेका छन् । धानबालीको बीउ उम्रिनका लागि जमीनमा आवश्यक मात्रामा पानी नहुँदा ब्याडमा पानी पटाउन लागेका जीराभवानी गाउपालिका–१ का किसान सत्यदेव चौधरीले बताए । अहिले ब्याडमा सिचाइ गर्न नसके समयमा बीउ छर्न नसकिने र धानबाली रोप्न ढिलो हुने उनले बताए । यसका साथै ब्याड बनाउन छनोट गरिएका जग्गामा रहेका झारपात तथा अन्य बेकार वस्तु छानेर फाल्न थालेको पनि उनले बताए ।

अहिले किसानहरू भदई, मंसुली, सोना मंसुली, सोना सारो, मनी मंसुली, हर्दीनाथ तथा हाई ब्रीड प्रजातिका धानबालीका बीउको ब्याडमा सिंचाइ गर्न थालेका छन् । बीउ जेठ १७ गतेदेखि छरिन्छ । सो बीउ २० दिनपछि रोपाइँका लागि तयार हुने र असार १० गतेदेखि रोपाइँ शुरू हुने किसानहरूले बताए ।

सीमावर्ती किसानहरू विभिन्न जातका धानका बीउ खरीद गर्न बजार धाउन थालेका छन् । नेपाली बजारमा बीउ महँगो भन्दै सीमावर्ती भारतीय बजारमा किसानहरू धाइरहेका छन् । सिक्टा, मैनाटाड, इनरवा, भंगहा, जमुनीयालगायत भारतीय बजारमा बीउ खरीद गर्न जाने क्रम बढेको छ । यस क्षेत्रका केही गापाले किसानका लागि हर्दीनाथ र हाइब्रीड जातको बीउ पचास प्रतिशत अनुदानमा उपलब्ध गराउँदै आएका छन् ।

**खेतको तयारी तथा कुलोको सफाइ**

रोपाइँको मौसम नजीकिँदै जाँदा अहिले किसानहरू खनजोतमा लागेका छन् ।

## गौर नपाका प्रमुखद्वारा एक वर्षे प्रगति विवरण सार्वजनिक

प्रस, रौतहट, १३ जेठ/

गौर नगरपालिकाका प्रमुख शम्भु साहले शनिवार पत्रकार सम्मेलन गरी एक वर्षको प्रगति विवरण सार्वजनिक गरेका छन् ।

नगरप्रमुख साहले विकास निर्माण कार्यमा सडक ढलान, नयाँ ट्र्याक सञ्चालन, नाला निर्माण, बिजुलीको पोल सार्ने कार्य, शहरी विकास परियोजनाको अवरुद्ध कार्यलाई निरन्तरता, तीनवटा पोखरीमा सूर्य मन्दिर निर्माण, लालबकैया नदीको बाँधको चार स्थानमा आरसिसी ढलान, धेरै दिनदेखि अलपत्र अवस्थामा रहेको झोलुङ्गे पुल निर्माण पूरा गराएर उद्घाटन, शिक्षातर्फ विद्यालयहरूमा नियमित निरीक्षण गरेर सुधार, स्वास्थ्य क्षेत्रमा सिसवामा बर्थिंग सेन्टर, वडा नम्बर १ मा ल्याब सञ्चालन, सरसफाइको क्षेत्रमा नियमित फोहर व्यवस्थापन, वारुण यन्त्र क्षतिग्रस्त भएपछि वैकल्पिक व्यवस्थालगायत कार्यहरू गरिएको बताए ।

नगरपालिकाबाट सञ्चालित क्षेत्रगत योजनाहरू भौतिक पूर्वाधारतर्फ एक वर्षदेखि अलपत्र गौर नपा–२ अन्तर्गत पर्ने शिवराज मुखियाको घरदेखि शान्ता चलचित्र मन्दिरसम्मको सडक तथा नाला निर्माण, कृषि विकास बैंकदेखि शिवालय मन्दिरसम्म सडक तथा नाला निर्माण, गौर नपा–४ मा वर्षौंदेखि अतिक्रमण गरी राखेको लाल बकैया नदी तटबन्धको अधिकार क्षेत्रको जग्गा अतिक्रमण मुक्त गराई गौर–२ को महादेव स्थानदेखि गौर नपा–४ को सावणांमाई मन्दिरसम्म वैकल्पिक बाटो निर्माण, टि.भी.एस.यु.



तस्वीरः प्रतीक

/हेल्भिटासबाट कालो सूचीमा रहेका योजना गौर बरहवा खोलामा फेब्रिकेटेड झोलुङ्गे पुल सञ्चालन, समुदायमा हस्तान्तरण, गौर नपा–२ वानेश्वरनाथ मन्दिर नजीक लालबकैया नदीमा रु ४ करोड २९ लाख लागतमा झोलुङ्गे पुलको निर्माणको लागि ठेक्का सम्झौता र निर्माण कार्य सञ्चालन, गौर नपा–२ मा विवाह मण्डपसहितको सामुदायिक भवन निर्माण शुरू गरिएको नगरप्रमुख साहको वार्षिक प्रगति विवरणमा उल्लेख छ ।

त्यसैगरी हिंसा पीडित महिलाहरूको व्यवस्थापनका लागि गौर नपा–१ मा आश्रयस्थल निर्माण, गौर नपा– ८ र ९ जोड्ने सडक ढलानको कार्य सम्पन्न गरी समुदायलाई हस्तान्तरण, वर्षौंदेखि कच्ची रहेको तथा नालाको अभावमा वर्षात्मा डुबान हुने गौर नपा– ५ को कोइरीटोलमा रु ४६ लाख ७१ हजार लागतमा सडक ढलान तथा नाला निर्माण, गौर नपा–४ गढवाटोलको चित्रगुप्त नगरदेखि गढवा उत्तरी सिमानासम्म सडक ढलान र नाला निर्माण कार्य अन्तिम चरणमा रहेको जानकारी गराइएको थियो ।

ऐतिहासिक महत्त्व बोकेको देशकै पुरानो कलाकुञ्ज पुस्तकालयको अधूरो भवन निर्माणको काम अगाडि बढाइएको, गौर नगरपालिका तथा राजदेवी नगरपालिका जोड्न बरहवा खोलामा पुल कल्भर्ट निर्माणको काम अगाडि बढाइएको नगरप्रमुख साहको वार्षिक प्रगति विवरणमा उल्लेख छ ।

## शुद्धीकरण अभियान सफल बनाउन राजीनामा

प्रस, रौतहट, १३ जेठ/

नेपाल पत्रकार महासङ्घ रौतहटका पूर्व सचिव राजेन्द्रकुमार क्षत्रीले सदस्यता शुद्धीकरण अभियान सफल बनाउन राजीनामा गरेका छन् ।

नेपाल पत्रकार महासङ्घ केन्द्रीय समितिले क्रियाशील पत्रकारको संस्था बनाउने उद्देश्य साकार पार्न पूर्वसचिव क्षत्रीले राजीनामा दिएको बताए ।

पूर्वसचिव क्षत्रीले आफू क्रियाशील नरहेको कारण सदस्यता नवीकरण नगराई राजीनामा गरेको कुरा अहिले रौतहटमा चर्चाको विषय बनेको छ । उनको राजीनामापछि रौतहटमा अन्य क्रियाहीन पत्रकारहरूले पनि सदस्यता नवीकरण नगराउने र राजीनामा दिने सम्भावना बढेको छ ।

## प्रेस युनियनको स्थापना दिवसमा प्रभात फेरी

प्रस, वीरगंज, १३ जेठ/

नेपाल प्रेस युनियनको ३२ औं स्थापना



तस्वीरः प्रतीक

दिवसको अवसरमा नेपाल प्रेस युनियन पर्सा शाखाले शनिवार वीरगंजमा प्रभातफेरी निकालेको छ ।

घण्टाघरबाट निकालिएको प्रभातफेरी माईस्थान, आदर्शनगर, घडीअर्वा पोखरी हुँदै पुनः घण्टाघरमा पुगेर कोणसभा गरी समापन भएको

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**जाग्नेहरूको लागि रात लामो हुन्छ । थाकेकाहरूका लागि योजन लामो हुन्छ । त्यसैप्रकार सधर्म नजान्ने मूर्ख व्यक्तिको सांसारिक आवागमन लामो हुन्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# धर्म नै हो जीवनको आधार

मनुष्य विधाताको सर्वश्रेष्ठ रचना हो। मनुष्य विधाताको सर्वोत्तम अभिव्यक्ति पनि हो। यस तथ्यलाई भगवान् श्रीकृष्णले श्रीमद्भागवत (११–७–२२) मा यस प्रकार भनेका छन्–

बह्व्या सन्ति पुरः स्त्रष्टास्तासां मे पौरूषी प्रिया ॥

अर्थात्– मैले अनेक प्रकारको शरीरको निर्माण गरे तर मलाई सबैभन्दा प्रिय यो मनुष्य शरीर लाग्छ।



**हरेक वस्तु, प्राणीको आफ्नो धर्म हुन्छ। चन्द्रमाको स्वभाव उसको जून, शीतलता, प्रकाशमा देखिन्छ भने सूर्यको उष्मा र तपनमा। जलको स्वभाव बग्नु हो। वायुको स्वभाव बहनु हो, अग्निमा ऊष्मा हुन्छ र त्यही उसको धर्म हो। त्यस्तै मनुष्यमा मनुष्यता हुनु, मानवीय गुण हुनु उसको धर्म हो।**

शतपथ ब्राह्मणमा भनिएको छ– पुरूषौ वै प्रजापतेर्नैदिष्ठम्।

अर्थात् नर नै नारायणको सर्वाधिक नजीक हुन्छ। बाइबिल (बूक अफ जेनेसिस)मा भनिएको छ कि यस संसारमा मनुष्य नै परमसत्ताको साकार रूप हो। त्यस्तै कुरानको आयत (सुरा २, ३५.३५) मा भनिएको छ– मनुष्य पृथ्वीमा अल्लाहको प्रतिनिधि हो तथा उसलाई अल्लाहले श्रेष्ठ रूप प्रदान गरेको छ।

भारतीय दर्शन, भारतीय चिन्तन, भारतीय संस्कृति अनुसार चौरासी लाख योनिहरूमा भौंतारिएपछि मनुष्य शरीर प्राप्त हुन्छ। अस्तु यति दुर्लभ मनुष्य शरीर, मनुष्य जीवनलाई यदि आलस्य, प्रमाद, भोगमा गुमाउँछौं भने यस अवसरको सबैभन्दा ठूलो हानि हुन्छ। मानव शरीर निस्सन्देह अजर, अमर छैन तर मनुष्य शरीरमा परमात्माको अंशको रूपमा विद्यमान जीवात्मा त अजर, अमर, अविनाशी हुन्छ। हामी शरीरमा परमात्माको अंशरूप, बीजरूपमा विद्यमान जीवात्मालाई नै ईश्वरीय रूपमा, परमात्मा रूपमा, अभिव्यक्त गर्नुपर्छ र शाश्वत सुख, परम सुख प्राप्त गर्नुपर्छ।

यही मानव जीवनको सर्वश्रेष्ठ उद्देश्य हो, कर्तव्य हो। यस अस्थिर एवं अनित्य मानव देह पाएर यसद्वारा नित्य, शाश्वत तत्त्व जान्ने प्रयास गरी आत्मकल्याणलाई प्राप्त गर्नु नै मानवीय दायित्व हो। यही मनुष्य जन्मको प्रमुख कर्तव्य पनि हो। विभिन्न धर्ममा आत्मकल्याण, ईश्वरप्राप्तिको विभिन्न बाटो बताइएको छ। श्रुति भन्छ– यदि मनुष्य स्वयंलाई केवल देह मान्छ, शरीर मान्छ भने शरीर मात्रलाई सजाएर, सिंगारेर एवं इन्द्रियजन्य सुख प्राप्तिको पछाडि नै उसको सम्पूर्ण जीवनयात्रा समेटिएर रहन्छ। त्यो देहको लागि बाँच्छ, शरीरको लागि बाँच्छ, इन्द्रियसुख प्राप्तिको लागि मात्र बाँच्छ; किनभने ऊ स्वयंलाई शरीरमात्र, देहमात्र मान्दछ र शरीरसुख, इन्द्रियसुख, विषयसुखलाई नै सच्चा सुख मान्छ।

यस प्रकार ऐन्द्रिक जीवन, दैहिक जीवन, भौतिक जीवन बाँचेर ऊ यस संसारबाट बिदा हुन्छ। यद्यपि उसले देहलाई नै सर्वोपरि मान्यो, यसैले उसले आत्माको मुक्ति, आत्मोद्धार, आत्मकल्याणको लागि कुनै प्रयास, पुरुषार्थ गरेन। फलस्वरूप उसको आत्मा ऊद्वारा गरिएको विभिन्न प्रकारको शुभ–अशुभ, पाप–पुण्यादि कर्मको संस्काररूप बन्धनमा बाँधिइरह्यो र पटक–पटक जन्म लिइरह्यो, नयाँ–नयाँ शरीर धारण गरिरह्यो तर मुक्त हुन पाएन; किनभने उसले मुक्तिको उपाय नै गरेन, पुरुषार्थ नै गरेन यसैले अधिकांश मानिस दैहिक जीवन, भौतिक जीवन, लौकिक जीवन बाँचेर यस संसारबाट बिदा हुन्छ। हामी यस लौकिक जगत्मा जन्म लिन्छौं, भौतिक जगत्मा जन्म लिन्छौं, भौतिक शरीरमा जन्म लिन्छौं, अस्तु लौकिक जीवन, भौतिक जीवन मनुष्य जीवनको एउटा महत्त्वपूर्ण पाटो हो तर यो लौकिक, भौतिक पाटो नै पूर्ण जीवन, सम्पूर्ण जीवन भने होइन।

भौतिक सुख नै शाश्वत सुख होइन। इन्द्रियजन्य सुख क्षणिक हुन्छ, क्षणभङ्गुर हुन्छ; किनभने यसबाट इन्द्रियले स्थायी तृप्ति पाउँदैन, तर आत्माबाट निःसृत सुख शाश्वत सुख हुन्छ।

यसलाई पाएर जीवात्माले परम आनन्द, ब्राह्मी आनन्द प्राप्ति गर्छ र आत्मा सबै प्रकारको कर्मबन्धनबाट मुक्त हुन पुग्छ र त्यसपछि जीवात्मा जीवन–मरणको चक्रब्यूहबाट पनि मुक्ति पाउँछ, यसैले भारतीय ऋषिहरूले भौतिक जीवनको साथसाथै आत्मिक जीवन, आध्यात्मिक जीवन जिउने महत्त्व, आवश्यकतामाथि बढी बल दिएका छन्। भौतिक र आध्यात्मिक जीवनमा सन्तुलन आवश्यक हुन्छ।

यसमध्ये कुनै एउटाको उपेक्षाले हाम्रो जीवनलाई अपूर्ण बनाइदिन्छ। भौतिक जीवन एकाङ्गी जीवन हो। यो अपूर्ण जीवन हो तर आध्यात्मिक जीवन, आत्मिक जीवनबाट हाम्रो जीवन पूर्ण बन्छ, सम्पूर्ण बन्छ; यसैले पूर्ण जीवन, सम्पूर्ण जीवन, आनन्दपूर्ण जीवन जिउनको लागि भारतीय संस्कृतिमा धर्म, अर्थ, काम र मोक्षको रूपमा पुरुषार्थ चतुष्टयको प्राप्तिमा बल दिइएको छ।

पुरुषार्थ चतुष्टय भौतिक जीवन र आत्मिक जीवन, आध्यात्मिक जीवनको अद्भूत सङ्गम हो। यसमा अर्थ एव कामको रूपमा भौतिक जीवनलाई महत्त्व दिइएको छ, त्यस्तै धर्म र मोक्षको रूपमा आत्मिक जीवन र आध्यात्मिक जीवनलाई महत्त्व दिइएको छ तर धर्म केवल आत्मिक, आध्यात्मिक जीवनको लागि नभई सुखी र सफल भौतिक जीवनको लागि अनिवार्य हुन्छ। धर्म र मोक्षको उपेक्षा गर्दा नै आज समाजमा आक्रोश, घृणा, व्यभिचार, भ्रष्टाचार, अनाचार, हिंसा आदि व्यापकरूपले संव्याप्त छ। मनुष्य आन्तरिकरूपले अशान्त र बेचैन छ, व्याकुल छ। यो व्यक्ति र समाज दुवैको लागि अशुभ हो।

धर्मले हामीलाई आफ्नो मानवीय स्वभावमा बस्न सिकाउँछ। मानवीय मर्यादामा रहन सिकाउँछ। यसले उचित, अनुचित, शुभ–अशुभ, राम्रो–खराबको भेद गरेर उचित व्यवहार, शुभ व्यवहार, राम्रो व्यवहार र स्वभावमा बस्न प्रेरित गर्छ।

यसले अधर्म र अनैतिक क्रियाकलापबाट टाढा बस्न प्रेरणा दिन्छ। यसले हामीलाई अर्थ एवं कामजस्ता भौतिक पुरुषार्थलाई नैतिक एवं उचित तरीकाबाट प्राप्त गर्ने प्रेरणा दिन्छ। धर्मले हाम्रो अशुभ र कलुषित भावना तथा अनियन्त्रित, आर्थिक अभिलाषामाथि अंकुश र नियन्त्रण राखेर जीवनलाई सरल, शान्त र आनन्दमय बनाउनको लागि आदेशित गर्छ। धर्मलाई जीवनको प्रारम्भदेखि नै धारण गर्नाले हाम्रो अन्य तीन पुरुषार्थ पनि सिद्ध हुन्छ। धर्म हाम्रो जीवनको पथ–प्रदर्शक हो, जुन हामीलाई कुनै पनि शुभ–अशुभ, राम्रो–खराब, पाप–पुण्य आदि कर्मको शुभ र दुष्परिणामको जानकारी दिइरहन्छ।

ईश्वर सर्वव्यापी छन्, न्यायकारी छन्। उनी हामीद्वारा गरिने र गरिएको राम्रो–नराम्रो कर्मका साक्षी हुन्। कर्मफलको विधानद्वारा हामीले आफ्नो कर्मको फल पाउनु अवश्यम्भावी छ। नराम्रो कर्म गर्नाले हामीलाई आत्मग्लानि हुन्छ। पुण्यकर्म गर्नाले हामीले आत्मसुख, आत्मसन्तोष प्राप्त गर्छौं। यो सबै प्रेरणा हामीले धर्मबाटै पाउँछौं। हामी जहाँ छौं, जुन रूपमा छौं, जुन कार्यमा लागेका छौं, त्यहाँ हामी आफ्नो हरेक कर्मलाई, कर्तव्यलाई पूरै इमानदारीले गर्नुपर्छ। यो कुरा हामीलाई धर्मले नै सिकाउँछ।

हामी शिक्षक हौं, चिकित्सक, व्यापारी, किसान, विद्यार्थी, माली, अभियन्ता, वैज्ञानिक जुनसुकै पेशा, कर्ममा भए पनि त्यसबाट हामी इमानदारीपूर्वक आफ्नो श्रम, समय, प्रतिभा सुनियोजन गरौं, जसबाट हाम्रो साथसाथै परिवार, समाज, राष्ट्र र सम्पूर्ण विश्वको कल्याण हुन सकोस्। यो दिव्य प्रेरणा हामीले धर्मबाट नै पाउँछौं। धर्म कुनै पन्थ वा सम्प्रदायको नाम होइन।

धर्म अङ्ग्रेजीको रिलिजन शब्दको हिन्दी रूपान्तरण पनि होइन। धर्म निकै व्यापक शब्द हो र यसको अर्थ पनि व्यापक छ। धर्म शब्दको उद्भव 'धृ' धातुबाट भएको हो, जसको अर्थ हो– धारण गर्नु। अस्तु जुन धारण गर्न योग्य छ, त्यही नै धर्म हो। जस्तै जराको सहाराले वृक्ष उभिएको हुन्छ, त्यस्तै धर्मको सहाराबाट नै हाम्रो जीवन शीर्षसम्म पुग्छ, आफ्नो सर्वोच्च लक्ष्य प्राप्ति गर्छ। धर्म हाम्रो मानवीय स्वभाव हो, कर्तव्य हो।

हरेक वस्तु, प्राणीको आफ्नो धर्म हुन्छ, स्वभाव हुन्छ। चन्द्रमाको स्वभाव उसको जूनमा, शीतलतामा, प्रकाशमा देखिन्छ भने सूर्यको स्वभाव उसको उष्मा र तपनमा देखिन्छ। जलको स्वभाव बग्नु हो। वायुको स्वभाव बहनु हो, अग्निमा ऊष्मा हुन्छ र त्यही उसको धर्म हो। त्यस्तै मनुष्यमा मनुष्यता हुनु, मानवीय गुण हुनु उसको धर्म हो।

मनुस्मृति अनुसार धैर्य, क्षमा, दम (कलुषित भावनामाथि नियन्त्रण), अस्तेय (चोरी नगर्नु), शौच (आन्तरिक बाह्य स्वच्छता), इन्द्रिय निग्रह (इन्द्रियलाई नियन्त्रित गर्नु), धी (बुद्धि र ज्ञानको प्रयोग), विद्या (बढीभन्दा बढी ज्ञानको पिपासा), सत्य (मन, वचन, कर्मबाट सत्यको पालन), अक्रोध (क्रोध नगर्नु)– यी मानव धर्मका दश लक्षण हुन्। यी गुणलाई धारण गर्नु नै धर्मलाई धारण गर्नु हो।

जब व्यक्ति यी गुणलाई धारण गर्छ तब ऊ स्वभावतः आफ्नो स्वधर्म, कर्तव्य पालन निकै निष्ठा र इमानदारीले गर्न थाल्छ। उसले अर्थजस्तो पुरुषार्थ प्राप्ति गर्ने बेलामा पनि धर्मको ख्याल राख्छ। उचित–अनुचित, नैतिक–अनैतिक तरीकाको ख्याल गर्छ। उसले काम अर्थात् आफ्नो कामना, इच्छाको पूर्तिमा पनि धर्मको पालन गर्छ। उसले आफ्नो इच्छापूर्ति, कामनापूर्तिको लागि अनुचित वा अनैतिक तरीका अँगाल्दैन।

यसप्रकार जीवनको हरेक कर्मलाई धर्मको दृष्टिले गर्दागर्दै व्यक्तिको जीवन नैसर्गिकरूपले धर्ममय हुन पुग्छ। उसको चित्त पवित्र हुन थाल्छ र ऊ मोक्षको अधिकारी बन्न पुग्छ। उसमा जीवनप्रतिको सबै प्रकारको मोहको क्षय हुन्छ। ऊ मुक्त हुन्छ, भवबन्धनहरूबाट मुक्त हुन पुग्छ। जीवनमरणको बन्धनबाट पनि मुक्ति पाउँछ र यसप्रकार लौकिक र पारलौकिक, भौतिक र आत्मिक–दुवै दृष्टिले व्यक्ति लाभमा रहन्छ। उसले लौकिक र पारलौकिक, दुवै जीवनमा आनन्द प्राप्त गर्छ। निस्सन्देह धर्म नै मानव जीवनको आधार हो र जुन व्यक्तिको जीवनमा यो आधार जति शक्तिशाली हुन्छ, ऊ उत्तिकै समर्थ हुन्छ, सुखी हुन्छ। यसलाई धारण गर्नाले नै हामी आफ्नो जीवनलाई आनन्दले परिपूर्ण बनाउन सक्छौं।

# दुराशयमा जेलिएको छिमेक नीति

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**भारत र चीन विश्वको अर्थ–राजीतिका प्रतिस्पर्धीमात्र होइनन्, एकअर्कासित आर्थिक स्वार्थ र सम्बन्ध गाँसिएका मुलुक हुन्। हाम्रो नेतृत्वको सत्ता स्वार्थका लागि उनीहरूले आफ्नो स्वार्थमा बाधा ल्याउने काम गर्ने छैनन् भन्ने तथ्यबारे बुझ पचाउनु बुद्धिमानी होइन।**

नेपालमा प्रत्येकपटक सत्ता परिवर्तनसँगै एउटा चासो बाक्लिएर आउँछ (प्रधानमन्त्रीको पहिलो भ्रमण भारत हुन्छ कि चीन ? पुष्पकमल दाहाल 'प्रचण्ड' ५ महीनाअघि तेस्रोपटक प्रधानमन्त्रीको कुर्सीमा उक्लिएलगत्तै उनको प्रतिक्रिया आयो–पहिलो भ्रमण भारत हुनेछ। उनी यतिमैं रोकिएनन्, संसदमैं भनिदिए कि पहिलो भ्रमणको निम्तो चीनबाट पनि आएको थियो। प्रचण्डले त्यसलाई आलटाल गरिरहे। अन्ततः उनी प्रतिबद्धता अनुसार यही जेठ १७ गतेदेखि चारदिने भारत भ्रमणमा जाँदैछन्।

प्रचण्डको पहिलो भ्रमण भारतबाटै किन भयो ? एकजना सांसदले त संसद्मैं सोधे–प्रधामन्त्रीको पहिलो विदेश भ्रमण भारतबाटै किन हुनुपर्ने ? प्रचण्डले यसको स्पष्ट जवाफ अहिलेसम्म दिएका छैनन्। पहिलोपटक प्रधानमन्त्री हुँदा पहिलो विदेश भ्रमण चीनबाट थालेका प्रचण्डको सरकार प्रकारान्तरले ९ महीनामैं ढलेको थियो। कतिपयले त्यसलाई पहिलो विदेश भ्रमण भारतबाट नथाल्नुको परिणामको रूपमा बुझ्ने गरेका छन्। तर प्रचण्ड स्वयंले यसपटक पहिलो राजकीय भ्रमणका लागि भारत रोज्नुलाई दक्षिण छिमेक रिझाएर सत्तामा टिकिरहने रणनीतिको रूपमा विश्लेषण गरिन थालेको छ।

समकालीन राजनीतिले बुझ्न नसकेको तथ्य के हो भने हामी भारत वा चीनपरस्त होइन, आफ्नै स्वार्थपरस्त हुन सकिरहेका छैनौं। चीनलाई देखाएर भारतलाई घुर्क्याउने र भारतलाई देखाएर चीनलाई तर्साउन खोज्ने भुत्ते कूटनीति अब काम लाग्दैन। आजको विश्व राजनीति राजनीतिक वाद र वैचारिक आग्रहमा अघि बढेको छैन।

भारत र चीन आर्थिक र सामरिक दुवैमा एकअर्काका प्रतिस्पर्धी हुन्। यी देशका सत्ताको वैचारिक मिलनबिन्दु पनि सम्भव छैन। तर, आज यी दुवै देशका आर्थिक स्वार्थ एकअर्कामा आधारित छन्। यी देश एकअर्काका महत्त्वपूर्ण बजार हुन्। यही स्वार्थले सामरिकरूपमा जति विवाद र तानातान भए पनि यी दुई देशको नेतृत्व एकअर्कालाई चिढ्याउन चाहँदैन। भारत र चीन आफैंमा एकअर्काको आर्थिक स्वार्थका परिपूरक हुन् भने हामीले एकअर्कालाई देखाएर स्वार्थ भजाउने 'काइते कूटनीति' अब काम नलाग्ने भइसक्यो, त्याग्नुपर्दछ। अब राजनीतिक आग्रह होइन, एकअर्काको समृद्धि, स्वार्थको सहयात्रीको रूपमा अघि बढेमात्रै भ्रमण सार्थक हुन सक्दछ।

पहिलो भ्रमण भारतबाट कि चीनबाट भन्ने छिमेक नीतिको मनोरोग यो अहिलेको होइन। २०१५ सालमा दुईतिहाई बहुमतको सरकार बनाएका नेपाली काङ्ग्रेसका नेता विपी कोइरालाले पनि प्रधानमन्त्रीको पहिलो भ्रमण भारतबाटै गरेका थिए। यो कुरा विपीले आफ्नो आत्म–वृत्तान्तमा लेखेका छन्। त्यसबेला भारतले नेपाललाई १८ करोड रुपियाँ आर्थिक सहयोग गरेको थियो। त्यसलगत्तै चीन भ्रमणमा पुगेका कोइरालालाई तत्कालीन चिनियाँ शासकले 'तपाईंलाई भारतभन्दा केही कम सहयोग गर्छौं। भारतले दिएजति नै सहयोग गर्दा हामीले प्रतिस्पर्धा गरेजस्तो हुन्छ'–भनेका थिए।

अर्थात् चीन भारतलाई चिढ्याउन चाहँदैन। त्यस यताका कतिपय सन्दर्भमा पनि चीनले नेपाललाई भारतसँगै मित्रवत् व्यवहार बनाइराख्न सुझाउने गरेको छ। पछिल्लो नाकाबन्दीताका चीनले अपेक्षित सहयोग गरेन। औपचारिकताको लागि केही ट्यांकर इन्धनबाहेक चीनबाट उल्लेख्य सहयोग भएन। यसले चीन नेपालसँग सम्बन्ध बनाएर भारतसित जुध्न चाहँदैन भन्ने स्पष्टै छ। तर हामी चीनलाई देखाएर भारतलाई 'साइज' मा राख्ने चेष्टा छोड्दैनौं। पछिल्लो समय हामीकहाँ चिनियाँ गतिविधि केही सक्रिय नभएको होइन। त्यो पनि हाम्रै नेतृत्वको स्वार्थको टकरावको कारण भएको हो। त्यस अघि आन्तरिक मामिलामा चीनको चासो कहिल्यै प्रकट हुन्थेन।

प्रधानमन्त्रीको भारत भ्रमणले टुङ्गो लगाउनुपर्ने धेरै विषय छन्। पहिलो, नेपाल र भारतबीच सीमा समस्या रहिआएको छ। पछिल्लो समयमा नेपालले कालापानी, लिपुलेक र लिम्पियाधुरालाई समेटेर नयाँ नक्सा जारी गरेपछि सम्बन्ध चिसिएको छ। यो क्षेत्रमा ३७२ वर्ग किलोमिटर, गण्डक क्षेत्रमा अवस्थित सुस्ताको १४५ वर्गकिलोमिटर र ६९ ठाउँको लगभग ८९ वर्गकिलोमिटर जग्गा अतिक्रमण भएको तथ्य छ। कूटनीतिक माध्यमबाट यो विषय सुल्झाउने भनिए पनि निकास निस्केको छैन।

सन् २०१४ मा प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणको क्रममा दुवै देशका प्रधानमन्त्रीहरूले सीमा समस्या सदाका लागि हल गर्ने प्रतिबद्धता जनाएका थिए। तर त्यसको कुनै सुनुवाइ भएको छैन। एक समय सगरमाथाको चुचुरो कसको हो भन्नेमा नेपाल र चीनबीच विवाद भएको थियो। कर्मचारी तहमा यसको समाधान निस्केन र राजनीतिक तहबाट टुङ्गो लगाउनुपरेको विवरण दस्तावेजमा पाइन्छ। यस्ता विवाद समाधान गर्न अहिले हुन लागेको राजनीतिक भ्रमणले सार्थक प्रयास गर्नुपर्दछ।

अर्को सन् १९५० को नेपाल–भारत शान्ति तथा मैत्री सन्धिसहितका विषयमा प्रबुद्ध समूहले तयार पारेको प्रतिवेदन सार्वजनिक गर्न भइरहेको ढिलाइलाई प्रचण्डको भ्रमणले 'ब्रेक थ्रु' गर्ने अपेक्षा पनि अन्यथा होइन। यो सन्धि असमान रहेको भन्दै आलोचना भएकोले सापेक्ष सुधारको उद्देश्यबाट प्रबुद्ध समूह बनाइएको थियो। १३ वर्ष अघि तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराई र भारतीय प्रधानमन्त्री मनमोहन सिंहको कार्यकालमा भएको निर्णय अनुसार दुवै देशका प्रबुद्ध व्यक्ति सम्मिलित समूहले प्रतिवेदन तयार पारेको हो। तर, यसलाई बुझ्न भारत उदासीन बन्दै आएको छ। सन् २०१८ मा तयार पारिएको यो प्रतिवेदन अहिलेसम्म भारतले बुझेको छैन। भारतले आनाकानी गरिरहे एक पक्षीयरूपमा भए पनि नेपालले प्रतिवेदन बुझेर सार्वजनिक गर्नुपर्ने मत बाक्लिएको छ।

नेपालले भैरहवा, नेपालगंज र जनकपुरबाट थप हवाई प्रवेशबिन्दु दिन माग गर्दै आएको छ। सन् २०१४ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल भ्रमणमा आउँदा पनि यो आग्रह भएको थियो। भारतले यसमा आलटाल गरिरहेको छ। अहिले बाहिरबाट आएका जहाज सिमरा र महेन्द्रनगरको आकाशबाट नेपाल प्रवेश गर्नुपर्ने बाध्यता छ। सहज स्थानबाट हवाई प्रवेश बिन्दु नपाउँदा भैरहवा र पोखरा विमानस्थलबाट उडान अवतरण असहज मात्र बनेको छैन, विदेशी वायु सेवा कम्पनी यी दुई नयाँ विमानस्थलमा चासो देखाउन छोडेका छन्।

अर्बौं रुपियाँ खर्च गरेर बनाइएका हवाइ पूर्वाधारहरू उपयोगविहीन हुँदा यस्ता अन्य योजनामा पनि सन्देह सृजना भएको छ। उपत्यका बाहिरका तीनवटा अन्तर्राष्ट्रिय विमानस्थलमध्ये सबैभन्दा सहज र सम्भाव्य भनिएको निजगढको भविष्यमा पनि आशङ्का उत्पन्न हुन थालेको छ। तयार नहुँदै सञ्चालन अनिश्चित भएका भैरहवा र पोखराको नियति निजगढले पनि झेल्नुपर्ने त होइन भन्ने आशङ्का स्वाभाविक छ।

भारत र चीन विश्वको अर्थ–राजीतिका प्रतिस्पर्धीमात्र होइनन्, एकअर्कासित आर्थिक स्वार्थ र सम्बन्ध गाँसिएका मुलुक हुन्। हाम्रो नेतृत्वको सत्ता स्वार्थका लागि उनीहरूले आफ्नो स्वार्थमा बाधा ल्याउने काम गर्ने छैनन् भन्ने तथ्यबारे बुझ पचाउनु बुद्धिमानी होइन। तर, हाम्रो नेतृत्व भारत कि चीन भन्ने शब्द–बझाइमा उत्रिएको छ। यतिसम्म कि संसद्जस्तो सर्वोच्च र सम्मानित थलोमा प्रधानमन्त्रीदेखि सांसदसम्म छिमेक सम्बन्धमा हल्काफुल्का टीका–टिप्पणीमा उत्रिनु दुराशयपूर्ण छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# मलाई अझ परिश्रम गर्ने ऊर्जा प्राप्त भएको छ : मोदी

नयाँ दिल्ली, १३ जेठ/एएनआई

प्रधानमन्त्री नरेन्द्र मोदीले भारतीय नागरिकबाट प्रास्त स्नेह र सद्भावले राष्ट्रका निम्ति अझ परिश्रम गर्ने ऊर्जा प्रान्त भएको बताएका छन्। भारतको प्रधानमन्त्रीका रूपमा आफ्नो नौ वर्ष पूरा भएको अवसरमा उनले जनताबाट प्राप्त प्रतिक्रियाप्रति कृतज्ञता व्यक्त गर्दै त्यसो भनेका हुन्।


तस्वीरः एएनआई

बिहानैदेखि हाम्रो सरकारबारे गरिएको प्रशंसा आफ्ना लागि स्नेह भएको र त्यसले आफूलाई ऊर्जा दिएको उनले सामाजिक सञ्जालमा लेखेका छन्। प्रधानमन्त्री मोदीको नेतृत्वमा भारतीय जनता पार्टीको सरकारले यही जेठ १६ गते दुई कार्यकालको नौ वर्ष पूरा गर्दैछ।

यस अवसरमा भारतीय जनता पार्टीले सोही दिनदेखि एक महीनासम्म देशभर ५० स्थानमा विशेष सभा एवं ऱ्याली गर्नेछ। केही कार्यक्रमलाई प्रधानमन्त्री मोदीले सम्बोधन गर्नेछन्।

भारतीय जनता पार्टीका अनुसार ती सभा तथा ऱ्याली आगामी लोकसभा चुनावको तयारीमा केन्द्रित हुनेछन्। लोकसभा निर्वाचन करीब एक वर्षपछि हुँदैछ। सबैभन्दा ठूलो ऱ्याली राजस्थानको अजमेरमा हुनेछ जसलाई प्रधानमन्त्री मोदीले सम्बोधन गर्नेछन्।

विशेष सभा र ऱ्यालीमा भाजपाका राष्ट्रिय अध्यक्ष जेपी नड्डा, केन्द्रीय गृहमन्त्री अमित शाह, रक्षामन्त्री राजनाथ सिंह र अन्य शीर्ष नेता सहभागी हुनेछन्। नरेन्द्र मोदीले सन् २०१४ को मे २६ मा पहिलोपटक प्रधानमन्त्रीको शपथ लिएका थिए भने उनले सन् २०१९ को मे ३० मा दोस्रो कार्यकालको शपथ लिएर भारतको सरकार प्रमुखका रूपमा शासन सञ्चालन गरेका थिए। रासस

# ट्विटरले ईयु डिस्इन्फरमेशन कोड छोड्दै


ब्रसेल्स, १३ जेठ/एएफपी

ट्विटरले युरोपेली सङ्घको डिस्इन्फरमेशन कोड छोड्ने निर्णय गरेको छ। एक स्वैच्छिक सम्झौता अनुसार प्रमुख सामाजिक प्लेटफर्म एकसाथ समूह बनाउँदा यसका दायित्व रहन्छन् र त्यसको पालना हुनुपर्छ, ईयु उद्योग आयुक्त थियरी ब्रेटनले शनिवार ट्वीटमा उल्लेख गरेका छन्।

सन् २०१८ मा शुरू गरिएको ईयुको डिस्इन्फर्मेशनको अभ्यास कोडले मेटा, गुगल, ट्विटर, माइक्रोसफ्ट र टिकटकजस्ता सामाजिक सञ्जालसहित लगभग तीन दर्जन हस्ताक्षरकर्तालाई समावेश गरेको थियो।

त्यसबेला कोड प्रयोगकर्ताले तथ्य–जाँचकर्तासँग विकृति वितरण गर्ने संरचनालाई बढावा नगर्नेजस्ता तीन दर्जनभन्दा बढी प्रतिज्ञा गरेका थिए। आफूले प्रतिज्ञा गरेका कुराको पालना गर्नु आवश्यक हुन्छ तर एलन मस्क, ट्वीटरको स्वामित्व लिएपछि प्रतिज्ञाको पालनामा अनुदार रहेका पाइन्छन्।

युरोपेली आयोगका एक अधिकारीले शुक्रवार एएफपीलाई भनेका थिए–"यदि (एलोन मस्क)ले कोडलाई गम्भीरतापूर्वक लिएनन् भने उनले राजीनामा दिनु राम्रो हुन्छ।" रासस




# नौ हजारभन्दा बढी अफगानीद्वारा शरणका निम्ति आवेदन

काबुल, १३ जेठ/एएनआई

एक महीनाको अवधिमा नौ हजारभन्दा बढी अफगानीले युरोपेली सङ्घमा शरणका लागि आवेदन गरेका पाइएको छ।

युरोपेली जनगणना ब्युरोका अनुसार गत महीनामा नौ हजारभन्दा बढी अफगान नागरिकले सङ्घका सदस्य राष्ट्रमा शरणका लागि आवेदन गरेको पाइएको छ। कुनै एक देशबाट शरणका निम्ति आवेदन गरिएको यो अभिलेख अहिलेसम्मकै उच्च हो।


तस्वीरः एएनआई

चालू वर्षको प्रारम्भमैं सङ्घका सदस्य राष्ट्रमा शरणार्थीको चासो गत वर्षको तुलनामा ४० प्रतिशत बढेको छ। गत बिहीवार मासिक प्रतिवेदन सार्वजनिक गर्दै युरोपेली जनगणना ब्युरोले फेब्रुअरीमा मात्रै ७६,५०० व्यक्तिले सङ्घका सदस्य देशमा शरणका लागि आवेदन बुझाएको र गत वर्षको तुलनामा ४० प्रतिशत वृद्धि भएको जनाइएको छ।

युरोपेली सङ्घमा आबद्ध मुलुकमा सबैभन्दा धेरै शरण खोज्नेको सङ्ख्या सिरिया र अफगानिस्तानका नागरिकको रहेको छ। शरणका लागि आवेदनको ७७ प्रतिशत क्रमशः स्पेन, जर्मनी, फ्रान्स र इटालीमा दर्ता भएको छ। जर्मनीमा फेब्रुअरीमा २५ हजारभन्दा बढी आवेदन परेका छन्। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – सुसमाचार | वृष – भयचिन्ता |
| मिथुन – मित्रमिलन | कर्कट – अतिथिआगमन |
| सिंह – सुयश | कन्या – खर्चवृद्धि |
| तुला – धनलाभ | वृश्चिक – सफलता |
| धनु – राज्यलाभ | मकर – वादविवाद |
| कुम्भ – व्यापारवृद्धि | मीन – शत्रुपराजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

**यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।**

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फलेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# काठमाडौंमा भूमिगत लाइनबाट विद्युत् वितरण गर्ने तयारी

काठमाडौं, १३ जेठ/रासस

नेपाल विद्युत् प्राधिकरणले अबको दुई महिनाभित्र काठमाडौंमा भूमिगत लाइनबाट विद्युत् वितरण गर्ने योजना बनाएको छ। प्राधिकरणले यहाँको रत्नपार्क र महाराजगंज लाजिम्पाट क्षेत्रमा घर–घरमैं भूमिगत लाइनबाटै बिजुली जोड्ने तयारी गरेको छ।

महाराजगंज र रत्नपार्क वितरण केन्द्र अन्तर्गतका पानीपोखरी, लाजिम्पाट र नारायणहिटी सङ्ग्रहालयसहित कीर्तिपुर आसपासका क्षेत्रमा भूमिगत लाइनबाटै बिजुली वितरण गर्ने तयारी शुरू भएको नेपाल विद्युत् प्राधिकरणका प्रवक्ता सुरेशबहादुर भट्टराईले जानकारी दिए। उनका अनुसार कतिपय वितरण बक्सबाट घरका मिटरसम्म जाने बिजुलीको लाइन पनि भूमिगत गर्ने काम भइरहेका छन्।

भूमिगत लाइनबाटै घर–घरमा बिजुली पुऱ्याउन प्राधिकरणले पूर्वाधार बनाउँदै गरेको र तार भूमिगत गर्ने काम सकिएका फिडरहरूमा क्रमशः यो काम गर्दै जाने योजना बनाइएको जनाइएको छ। प्राधिकरणले सडकबाट उपभोक्ताका घर र कार्यालयसम्म भूमिगत तार लगी मिटरमा भूमिगत लाइनबाट बिजुली जोडे पनि केही महीना पोल भने नहटाउने योजना रहेको प्रवक्ता भट्टराईले बताए।

आगामी हिउँद यामसम्म प्रायः काम सकिएका धेरै क्षेत्रका भूमिगत लाइन चार्ज गर्ने प्राधिकरणको योजना रहेको जनाइएको छ। हिउँदमा काठमाडौंमा विद्युत् लोड बढेर वितरण लाइनमा समस्या देखिने गरेको छ। यसका कारण हिउँदसम्म सकेसम्म धेरै फिडरमा भूमिगत लाइनबाट चार्ज गर्ने प्राधिकरणको तयारी छ।



तस्वीरः फाइल

महाराजगंज र रत्नपार्क वितरण केन्द्रका करीब एक लाख घरमा स्मार्ट मिटर जोडेको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ। काठमाडौंको वितरण लाइन सुदृढीकरणका लागि प्राधिकरणले उपत्यकाभर बिजुलीको तार भूमिगत गर्न ठेक्का लगाएर काम गरिरहेको छ। काठमाडौंमा भूमिगत वितरण लाइन बिछ्याइरहेको प्राधिकरणले केही महीनापछि ओभरहेड वितरण लाइन हटाउने जनाएको छ। यसपछि इन्टरनेटका तारसमेत पोलमा राख्न नपाइने भएकोले प्राधिरकणले विकल्प सोच्न इन्टरनेट सेवा प्रदायकलाई आग्रह गर्दै आएको छ।

# पश्चिमी न्यून चापीय प्रणालीको प्रभावले वर्षा

काठमाडौं, १३ जेठ/रासस

पश्चिमी न्यून चापीय प्रणालीका साथै स्थानीय वायुको प्रभावले हाल बदली र वर्षा भइरहेको छ।


तस्वीरः फाइल

जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाका मौसमविद् रोजन लामिछानेका अनुसार अहिले सुदूरपश्चिम, गण्डकी र कोशी प्रदेशका केही स्थानमा वर्षा भइरहेको छ। काठमाडौं उपत्यकामा अपराह्नतिर हल्का वर्षाको सम्भावना छ। प्रि–मनसुन जारी रहेको र स्थानीय वायुका साथै पश्चिम न्यून चापीय प्रणालीको प्रभावले वर्षा भइरहेको मौसमविद् लामिछाने बताउँछन्।

आज विशेषगरी कोशी, बागमती र गण्डकी प्रदेशमा सामान्य र अन्य भूभागमा आंशिकदेखि सामान्य बदली रही पहाडी भेगका केही स्थानमा मेघगर्जन चट्याङसहित हल्का वर्षाको सम्भावना छ।

राति पनि सोही किसिमको मौसमी प्रणाली कायम रहने छ। तराई क्षेत्रमा हुरीको सम्भावना रहेको महाशाखाले जनाएको छ।

# गौतमबुद्ध विमानस्थल नियमित सञ्चालनको माग

रूपन्देही, १३ जेठ/रासस

उद्योगी–व्यवसायीहरूले भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण र नियमित सञ्चालनका लागि पहल गर्न लुम्बिनी प्रदेश सरकारका मन्त्रीसँग माग गरेका छन्।


गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल। तस्वीरः फाइल

उनीहरूले विमानस्थलमा अन्तर्राष्ट्रिय उडान नहुँदा विकासमा बाधा पुगेको गुनासो गरेका छन्। चेम्बर अफ कमर्स, रूपन्देही (उद्योग व्यापार सङ्गठन, रूपन्देही) ले आज भैरहवामा आयोजना गरेको लुम्बिनी प्रदेशका आन्तरिक मामिला, कानून तथा सहकारीमन्त्री सन्तोषकुमार पाण्डेय र सामाजिक विकासमन्त्री चन्द्रकेश गुप्ता (सिके) को स्वागत, बधाई तथा शुभकामना कार्यक्रममा उद्योगी–व्यवसायीले यस्तो माग गरेका हुन्। उनीहरूले विगतमा पनि विमानस्थल पूर्ण र नियमित सञ्चालनका लागि विभिन्न दबाबमूलक कार्यक्रम गरिएको जनाउँदै थप दबाब आवश्यक रहेको बताए।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को भारत भ्रमण अघि नै विमानस्थलबारे भारत सरकारसँग छलफल गर्न प्रदेश सरकारले भूमिका निर्वाह गर्नुपर्ने उनीहरूको भनाइ छ। चेम्बर अफ कमर्स, रूपन्देहीका अध्यक्ष अनिलकुमार ज्ञवालीले नागरिकले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका निर्माणका लागि जग्गा तथा घर नै दिए पनि विमानस्थलमा अन्तर्राष्ट्रिय उडान हुन नसक्दा नागरिक निराश भएको बताए।

अध्यक्ष ज्ञवालीले खुला सीमाका कारण स्वदेशी व्यवसायी मर्कामा परेको उल्लेख गर्दै ४० प्रतिशत सटर खाली भइसकेको बताए। चेम्बर अफ कमर्स, रूपन्देहीका निवर्तमान अध्यक्ष नारायणप्रसाद भण्डारीले समग्र रूपन्देही र लुम्बिनीको विकास आवश्यक रहेको बताए। उनले लुम्बिनीमा सञ्चालित गुम्बा तथा मोनास्ट्रीमा पर्यटक राख्दा त्यहाँ सञ्चालित होटल धराशायी भएको गुनासो सुनाए।

राष्ट्रिय गौरवको आयोजना गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नियमित र पूर्णकालिक सञ्चालनका लागि आन्दोलनका कार्यक्रम गरिएको उनले बताए। उनले लुम्बिनी र लुम्बिनीको प्रवेशद्वार भैरहवा क्षेत्रमा रहेका समस्या समाधानका लागि अग्रसर हुन मन्त्रीहरूसँग आग्रह गरे। सिद्धार्थ होटल एसोसिएशनका अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठले उद्योग, पर्यटन र व्यवसायको विकासका लागि सरकारको ठूलो हात रहने भएकोले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नियमित सञ्चालनका लागि जनप्रतिनिधिले भूमिका निर्वाह गर्नुपर्ने बताए।

विमानस्थल नियमित सञ्चालनका लागि विभिन्न चरणका आन्दोलन र छलफल भए पनि मन्त्री र सचिवबाट आश्वासन मात्रै पाएको उनले गुनासो गरे।

लुम्बिनी प्रदेश सरकारका सामाजिक विकासमन्त्री गुप्ताले उद्योगी व्यवसायीसँग हातेमालो गर्दै अघि बढ्ने बताए। उनले

(बाँकी अन्तिम पातामा)

**मोटरसाइकल चोरी भएको सूचना**

चेसिस नं MC४JC६५ADMG०००९४१, इन्जिन नं JC६५EG०२४१३५० भएको प्र.२–०३–०१६ प १४४९ नम्बरको होन्डा कम्पनीको सिबी साइन कालो रङ्गको मोटरसाइकल २०८०/१/२४ गते राति ८:१५ बजे वीरगंज महानगरपालिका–४ बिर्ता, माछाबजारनजीकबाट चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा मोनं ९८४५११९९२२ मा खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ।

-करुणा करम फर्मा
वीरगंज महानगरपालिका-५

# अध्यादेश फिर्ता लिन रौतहट बारको माग

प्रस, रौतहट, १३ जेठ/

नेपाल सरकार मन्त्रिपरिषद्को सिफारिशमा सम्माननीय राष्ट्रपतिबाट गत वैशाख २० गते जारी भएको 'मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश' अविलम्ब फिर्ता लिन रौतहट जिल्ला अदालत बार एसोसिएशनले माग गरेको छ।

अध्यादेश जारी भएको २३ दिनपछि रौतहट बारले आज विज्ञप्ति जारी गर्दै उक्त अध्यादेश नेपालको संविधान २०७२ हाल बहाल रहेको नेपालको प्रचलित कानून, न्यायको मान्य सिद्धान्तसमेतको प्रतिकूल रहेको भन्दै अध्यादेशप्रति विरोध अविलम्ब फिर्ता लिन सरकार समक्ष माग गरेको छ।

नेपालमा विधिको शासन रहेको कुरा नेपालको संविधान २०७२ द्वारा नै मान्य सिद्धान्त रहनुको साथै सो कुरा सर्वत्र जानकारी हुँदाहुँदै पनि सोविपरीत तथा नेपाल कानून व्याख्यासम्बन्धी ऐन २०१० को दफा १४, २७(क) समेतको कानूनी व्यवस्थाको मर्मविपरीत जारी भएको अध्यादेश नेपालको कानून तथा संवैधानिक व्यवस्थाको मर्मको प्रतिकूल रहेको हुँदा अविलम्ब खारेजयोग्य भनी विज्ञप्तिमा भनिएको छ।

यसैगरी राज्यले कुनै कानून निर्माण गर्दा देशको जनता र समाजको हितलाई मध्यनजर गरी सामाजिक रीतीथिति तथा परम्परा र जन-सम्बन्धमा असर नपर्ने गरी अर्थात् सामाजिक संरचना व्यवहार परम्पर्रा नखलबलिनेगरी कुनै कानून निर्माण हुनुपर्नेमा उक्त अध्यादेश जारी हुँदा सोतर्फ ध्यान नपुऱ्याई जन-सम्बन्ध नै नष्ट हुनेगरी हचुवाको भरमा मस्यौदा तयार गरी जारी गरिएको बारको ठहर छ।

विगतमा भएको लेनदेन व्यवहार सम्बन्धलाई अहिले फौजदारी कसूर अपराध घोषित गरिनु फौजदारी कानूनको मान्य सिद्धान्तविपरीत रहेको हुँदा उक्त अध्यादेश खारेजयोग्य रहेको रौतहट बारका अध्यक्ष नन्दकिशोर शाहद्वारा हस्ताक्षरित विज्ञप्तिमा उल्लेख छ।

उक्त अध्यादेशमा भएका सम्पूर्ण प्रावधान पूर्वाग्राहबाट प्रेरित भई तर्जुमा गरिएको र नेपाली समाज, नेपाली जनता, न्यायको मान्य सिद्धान्त, सम्मानित सर्वोच्च अदालतबाट भएका निर्णय सिद्धान्तसमेतको प्रतिकूल हुँदा अविलम्ब खारेज गरिनुपर्ने माग गरिएको छ।

# रौतहटको पत्रकारिता र संविधानबारे राय सङ्कलन

प्रस, रौतहट, १३ जेठ/

नेपाल बौद्धिक प्रतिष्ठानका केन्द्रीय अध्यक्ष विष्णु कुँवरलगायतको टोलीले शनिवार रौतहटको पत्रकारिता तथा सविधानबारे राय सङ्कलन गरेको छ।

नेपाल बौद्धिक प्रतिष्ठानका अध्यक्ष कुँवर र सदस्य गीतारानी झालगायतको टोलीले रौतहटका सञ्चारकर्मी, भद्रभलाद्मी, वकिल, गैरसरकारी संस्थाका प्रतिनिधिहरूसँग राय सुझाव सङ्कलन गरेको थियो।



तस्वीर: प्रतीक

सो अवसरमा नेपाल पत्रकार महासङ्घ मधेस प्रदेशका सदस्य शैलेन्द्र झा, शाखा अध्यक्ष प्रेमचन्द्र झा, गोरखापत्रका संवाददाता सञ्जय मिश्र, रेड टेलिभिजनका सञ्चालक जयप्रकाश यादव, दिव्य जागरणका राम एकबाल साह, प्रेस मञ्चका किशोरीराय यादव, जनकपुर टुडेका राकेश यादव, महिला पत्रकार विना राउत, गैरसरकारी संस्थाका धर्मेन्द्र पासवान, वकिल सोनेलाल पासवान, समाजसेवी सुशीलकान्त झालगायतले सुझाव दिएका थिए।

# महानगरद्वारा कम्प्युटर अपरेटरको परीक्षा

प्रस, वीरगंज, १३ जेठ/

वीरगंज महानगरपालिका कार्यालयले कम्प्युटर अपरेटर पदका लागि नयाँ कर्मचारी पूर्ति गर्न शनिवार परीक्षा लिएको छ।

खुला आवेदनमार्फत महानगरले ३३ जना कम्प्युटर अपरेटरका लागि आज परीक्षा लिएको प्रशासन प्रमुख राजकृष्ण ताम्रकारले बताए।

गएको माघ २५ गते सूचना सार्वजनिक गर्दै आवेदन माग गरिएकोमा ३३ पदका लागि १,४८० जनाले दरखास्त बुझाएका थिए।

जसमध्ये वैशाख १९ गते प्रारम्भिक योग्यताक्रम सार्वजनिक गर्दा १,४५१ जनाको नाम प्रकाशित भएको थियो।

प्रारम्भिक सूचीमा नाम प्रकाशित भएकाहरूको त्रिजुद्ध महावीरप्रसाद रघुवीरराम आधारभूत प्राविधिक विद्यालय र त्रिभुवन हनुमान मावि गरी दुई स्थानमा परीक्षा लिइएको प्रशासन प्रमुख ताम्रकारले बताए।

परीक्षाको नगरप्रमुख राजेशमान सिंहले अनुगमन गरेका थिए।




# खेलकूदको संसार

## जेठ १५ देखि महेन्द्रनारायण निधि टि-२० क्रिकेट प्रतियोगिता

जनकपुरधाम, १३ जेठ/रासस

यही जेठ १५ देखि २६ गतेसम्म जनकपुरधाममा महेन्द्रनारायण निधि टि-२० क्रिकेट प्रतियोगिता-८० हुने भएको छ।

मधेस प्रदेश क्रिकेट सङ्घ धनुषाले आज जनकपुरधाममा पत्रकार सम्मेलन गरी जेठ १५ देखि २६ गतेसम्म प्रतियोगिता आयोजना गर्न लागेको जानकारी दिएको हो। सङ्घका अध्यक्ष हीरा भगतले मधेस प्रदेश शिक्षा तथा समाज कल्याण मन्त्रालयको प्रमुख सहयोगमा १५ गतेदेखि आयोजना हुने प्रतियोगितामा सातै प्रदेशका एक/एक गरी सात टिमको सहभागिता रहने र खेल रामजानकी बहुउद्देश्यीय खेल मैदानमा खेलाइने जानकारी दिए।


LATE MAHENDRA NARAYAN NIDHI T20 NATIONAL CRICKET TOURNAMENT 2080

FIXTURES

KOSHI, MADHESH, BAGMATI, GANDAKI, LUMBINI, KARNALI, SUDURPASCHIM

| DATE | 1ST MATCH | 2ND MATCH |
|---|---|---|
| 2080-02-15 | MADHESH vs KOSHI | - |
| 2080-02-16 | BAGMATI vs KOSHI | MADHESH vs GANDAKI |
| 2080-02-17 | LUMBINI vs BAGMATI | KARNALI vs GANDAKI |
| 2080-02-18 | LUMBINI vs MADHESH | GANDAKI vs SUDURPASCHIM |
| 2080-02-19 | MADHESH vs BAGMATI | GANDAKI vs KOSHI |
| 2080-02-20 | KARNALI vs LUMBINI | SUDURPASCHIM vs MADHESH |
| 2080-02-21 | SUDURPASCHIM vs KARNALI | KOSHI vs LUMBINI |
| 2080-02-22 | LUMBINI vs GANDAKI | KARNALI vs MADHESH |
| 2080-02-23 | BAGMATI vs SUDURPASCHIM | KOSHI vs KARNALI |
| 2080-02-24 | SUDURPASCHIM vs LUMBINI | KARNALI vs BAGMATI |
| 2080-02-25 | KOSHI vs SUDURPASCHIM | GANDAKI vs BAGMATI |
| 2080-02-26 | FINAL | - |

GROUND : RAMJANKI MULTIPURPOSE STADIUM, JANAKPUR

1ST MATCH : 9 AM 2ND MATCH : 1 PM | FORMAT : T20

सो अवधिमा २२ वटा खेल हुनेछन्। यस अघि जिल्लास्तरमा आयोजना हुने गरेको प्रतियोगिता पहिलोपटक प्रदेशस्तरमा गर्न लागेको उनले बताए। प्रतियोगितामा विजेता टिमलाई रु तीन लाख र उपविजेतालाई रु दुई लाखसहित कप, मेडल र प्रमाणपत्र प्रदान गरिने छ। प्रतियोगिताको कुल लागत ७० लाख हुने अनुमान गरिएको जिल्ला क्रिकेट सङ्घ धनुषाका सचिव आशिषकुमार झाले बताए।

पत्रकार सम्मेलनमा शिक्षा तथा समाज कल्याणमन्त्री महेशप्रसाद यादवले नेपालको लोकतान्त्रिक आन्दोलनका अगुवा नेता महेन्द्रनारायण निधिको स्मृतिमा प्रतियोगिता आयोजना गर्न लागिएकोले यसलाई सफल बनाउन सबैबाट सहयोगको अपेक्षा गरिएको बताए।

जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले पनि जनकपुरधाममा खेलकूद गतिविधि बढाउने उद्देश्यले यस अघि मेयरकप क्रिकेट प्रतियोगिता सम्पन्न गरिएको र १५ गतेदेखि हुने प्रतियोगिता त्यसकै निरन्तरता भएको बताए। उनले लोकतान्त्रिक आन्दोलनका नेता निधिको स्मरणसँगै यहाँ बहुउद्देश्यीय अन्तर्राष्ट्रिय रङ्गशाला बनाउन सरकारको ध्यानाकर्षण गराउन पनि महत्त्वपूर्ण हुने धारणा राखे।

# गढीमाई साझेदारी वनको अध्यक्षमा साह निर्वाचित

प्रस, निजगढ, १३ जेठ/

गढीमाई साझेदारी वन उपभोक्ता समूह पथलैयाको शनिवार सम्पन्न दोस्रो साधारणसभाले रामएकबालप्रसाद साहलाई अध्यक्ष निर्वाचित गरेको छ।

अध्यक्ष पदका उम्मेदवार रामएकबालले ९१ मत प्राप्त गरे भने उनका निकटतम प्रतिद्वन्द्वी गणेशप्रसाद साहले ५३ मत र सञ्जयकुमार साहले १९ मत प्राप्त गरेका थिए।

वन समितिका उपभोक्ताहरूद्वारा वडागतरूपमा चुनिएर आएका १६८ मत मध्ये १६४ मत खसेको र १ मत बदर भएको थियो।

त्यसैगरी उपाध्यक्षमा लालबाबू मुखिया विजयी भए। समाचार तयार पारुन्जेल अन्य पदको मत गणना जारी रहेको निर्वाचन मण्डलले जनाएको छ।

# 'मिस नेपाल वर्ल्ड २०२३' को उपाधि प्रधानलाई

ललितपुर, १३ जेठ/रासस

'मिस नेपाल वर्ल्ड २०२३' को उपाधि श्रीच्छा प्रधानले जितेकी छन्। आज गोदावरीमा आयोजित अन्तिम प्रतिस्पर्धामा २३ वर्षीया प्रधानलाई अघिल्लो वर्षकी मिस नेपाल प्रियङ्कारानी जोशीले ताज लगाइदिइन्। प्रतियोगितामा २४ सुन्दरीले प्रतिस्पर्धा गरेका थिए।



तस्वीर: रासस

प्रधानले 'फेस अफ द इयर' र 'मिस डिएचआई' सहविधामा आफूलाई अब्बल साबित गरिन्। मिस नेपाल विजेता प्रधान काठमाडौंकी स्थायी बासिन्दा तथा वातावरण विज्ञानमा स्नातक अध्ययनरत विद्यार्थी हुन्।

प्रतियोगितामा रैना मजगैयाँले 'मिस नेपाल अर्थ'को उपाधि हात पारिन् भने प्रसिद्धी शाहले'मिस नेपाल इन्टरनेशनल' उपाधि जितिन्। समारोहमा १२ सहविधाका विजेतासमेत घोषणा गरियो।

मिस नेपालको आयोजना द हिडन ट्रेजरले बर्सेनि गर्ने गरेको छ। यस वर्ष नयाँ मिस नेपाल घोषणा गरिए पनि आगामी विश्व सुन्दरी प्रतियोगितामा मिस नेपाल २०२२ जोशीले नै सहभागिता जनाउनेछिन्। नयाँ मिस नेपाललाई अर्को वर्षको मिस वर्ल्डमा पठाइने कम्पनीले जानकारी दिएको छ।

## गौतमबुद्ध विमानस्थल ...

विमानस्थल पूर्ण र नियमित सञ्चालनका लागि प्रदेश सरकारबाट सक्दो पहल हुने आश्वासन दिए।

लुम्बिनी प्रदेश सरकारका आन्तरिक मामिला, कानून तथा सहकारीमन्त्री सन्तोषकुमार पाण्डेयले विमानस्थल पूर्ण सञ्चालनका लागि सङ्घीय सरकारसँग निरन्तर पहल भइरहेको बताए। लुम्बिनी प्रदेश सरकारका प्रवक्तासमेत रहेका मन्त्री पाण्डेयले बेथरी पुल निर्माण कार्यलाई फास्ट ट्र्याकमा अगाडि बढाउन निर्माण व्यवसायीलाई निर्देशन दिइएको जानकारी दिए।

## प्रेस युनियनको स्थापना ...

थियो।

कोणसभामा नेपाल पत्रकार महासङ्घका सचिव दीपेन्द्र चौहानले वर्तमान अवस्थामा नेकाका सबै भ्रातृ सङ्गठनहरू एकबद्ध भएर पारस्परिक सहयोग बनाएर रहनुपर्ने सुझाए।

नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारीले देश आर्थिक सङ्कटका साथै राजनीतिक सङ्कटको पनि सामना गरिरहेकोले अहिलेको अवस्थामा नेपाली पत्रकारितालाई अझै बलियो बनाउनुपर्ने आवश्यकता रहेको बताए। उनले प्रेस युनियन पुरानो र वैचारिक सङ्गठन भएको र उसले धेरै जिम्मेवारी वहन गर्नुपर्ने बताए।

प्रेस युनियनका सचिव अशोक तिवारीले क्रियाशील नरहेको पत्रकारको सदस्यता नवीकरण नगर्न पत्रकार महासङ्घलाई सुझाए। उनले यसमा प्रेस युनियनले पनि सघाउने बताए।

नेपाल प्रेस युनियन पर्साका अध्यक्ष विजय चौहानको अध्यक्षतामा भएको कार्यक्रममा पत्रकार महासङ्घका मधेस प्रदेश महासचिव श्याम बन्जारा, नेपाल प्रेस युनियनका केन्द्रीय सदस्य नीलिमा पौडेल, श्रीराम रायमाझी, प्रेस युनियन पर्साका पूर्व अध्यक्ष रामनारायण कुर्मी, उपाध्यक्षद्वय क्रान्ति साह, अलि असगर देवान, मधेस प्रदेशका सदस्य श्रवणप्रसाद साह, अजयकुमार साह, राहुल गुप्ता, नेपाल फोटो पत्रकार महासङ्घका पङ्कज श्रेष्ठ, नेकाका स्थानीय नेता मनोहर साह र दिलीपराज कार्कीलगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण प्रेस युनियन पर्साका सचिव इरफान अलिले गरेका थिए।

यसैगरी प्रेस युनियन बाराले स्थापना दिवसको अवसरमा प्रादेशिक अस्पताल कलैयाका बिरामीहरूलाई फलफूल वितरण गरेको छ।

युनियनका नेताहरू सत्यप्रकाश श्रेष्ठ, गणेश रिजाल, सिकेन्द्र पासवान, नेपाल पत्रकार महासङ्घ बाराका अध्यक्ष रेशम तिवारीलगायतको सहभागिता थियो। अस्पतालका ६० जना बिरामीहरूलाई फलफूल वितरण गरिएको प्रेस युनियन बाराले जानकारी गराएको छ।

व्यावसायिक कृषिले बनाउँछ सुखी।
- निर्वाहमुखी कृषि प्रणालीमा सुधार गरी व्यावसायिक कृषि प्रारम्भ गरौं,
- खेतीयोग्य जमीन बाँझो नराखौं,
- लाखौं खर्च गरेर विदेशिनुको सट्टा स्वदेशमैं व्यावसायिक कृषि र पशुपालन गरौं,
- व्यावसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड